## सूचना २

श्री ५ को सरकारले खण्ड ४५, संख्या ३६, मिति २०५२।१०।१ को र खण्ड ४६, संख्या १३, मिति २०५३।३।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना अनुसार गठन भएको अधिकार र सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति सम्बन्धी सूचनामा देहायबमोजिम संशोधन गरेको छ ।

१. दफा २ मा संशोधनः दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

२. समितिको गठनः– समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्ः–

| | | |
|---|---|---|
| १. | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | अध्यक्ष |
| २. | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ३. | सह-सचिव, जलस्रोत मन्त्रालय | " |
| ४. | सह-सचिव, निर्माण तथा यातायात मन्त्रालय | " |
| ५. | सह-सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय | " |
| ६. | महानिर्देशक, खानेपानी तथा ढल निकास विभाग | " |
| ७. | महाप्रबन्धक, नेपाल खानेपानी संस्थान | " |
| ८. | प्रतिनिधि, पशुपति क्षेत्र विकास कोष | " |
| ९. | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | " |
| १०. | आयोजना प्रमुख, बागमती क्षेत्र ढल निर्माण आयोजना | सदस्य-सचिव |

२. दफा ३ मा संशोधनः दफा ३ को,

१ उपदफा (१) को खण्ड (झ) को अन्तमा र कामको प्रकृति हेरी तदनुरूप कर्मचारी श्री ५ को सरकारका कार्यालयबाट काजमा लिने, करार वा अस्थायीमा नियुक्त गर्ने बारे समितिले निर्णय गर्न सक्नेछ भन्ने शब्दहरू थपिएका छन् ।

२ उपदफा (२) को खण्ड (ज) मा रहेका "पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन" भन्ने शब्दहरूको सट्टा "यस" भन्ने शब्द राखिएका छन् ।

३. दफा ४ छ. मा संशोधनः दफा ४ छ. को सट्टा देहायको दफा ४ छ राखिको छः

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.छ. कर्मचारीको सेवा शर्त र सुविधाः समितिमा कार्यरत कर्मचारीको पारिश्रमिक सेवा शर्त सुविधा निजको पदाधिकार रहेको सेवासँग सम्बन्धित ऐन नियम बमोजिम हुनेछ र आयोजनामा खटिई काम गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न समितिले भत्ता दिनको लागि सिफारिश गर्न सक्नेछ।

४. दफा ५ पछि देहायको दफा ५ क थपिएको छः

५.क. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः सदस्य सचिवको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ।

५. दफा ६ मा संशोधनः दफा ६ को उपदफा (२) मा रहेको "२५" भन्ने अङ्कको सट्टा "५०" भन्ने अङ्क राखिएको छ।

६. दफा ८ पछि देहायको दफा ८ क. थपिएको छः

८.क. प्राविधिक सम्पर्क निकायः निर्माण गरिने ढल, प्रशोधन केन्द्रहरूको प्राविधिक व्यवस्थापन तथा समुचित सम्भार संचालनको निमित्त समितिले खानेपानी तथा ढल निकास निर्माणसँग निकटतम सम्पर्क तथा समन्वय राखी आवश्यक व्यवस्था मिलाउने छ।

७. दफा १२ मा संशोधनः दफा १२ मा रहेको "समितिले काम शुरू गरेको मितिले ६ महिना" भन्ने शब्दहरूको सट्टा २०५४ साल आषाढ मसान्तसम्म भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,
खगेन्द्र बस्न्यात
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची १ को नं. ३ मा 'निर्देशक (कम्प्यूटर)' पदनाम थप गरेको छ।

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०५